# विगु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा, बागमती प्रदेश, नेपाल

# सेवा करारमा पदपुर्ति गर्ने सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७९/०८/१६**

यस गाउँपालिकाका **अन्तर्गत** रहेको विगु अस्पतालको लागि देहायको पदमा सेवा करारमा **जनशक्ति पदपुर्ति गर्नु पर्ने भएकोले सूचना प्रकाशनको मितिले १५** (पन्ध्र) दिनभित्र यस विगु गाउँपालिकाको कार्यालयमा **कार्यालय समयभित्र दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।**

तपशिल

| क्र.स | विज्ञापन नम्बर | पद | तह | माग संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | १२/२०७९/०८० | मेडिकल अधिकृत | ८ (आठौं) | १ | रु.१०००/- |

**१.उमेरको हद:-** दरखास्त दिने अन्तिम मितिसम्म महिला र अपाङ्गको हकमा ४० वर्ष र **पुरुषको हकमा ३५ वर्ष ननाघेको।**

**२.न्यूनतम शैक्षिक योग्यता:**

**क) मेडिकल अधिकृतको हकमा** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. **उत्तीर्ण गरेको।**

**३.परीक्षाको किसिम :** लिखित तथा अन्तरवार्ता।

**४.आवेदन दिनुपर्ने अन्तिम मिति** : सूचना प्रकाशन भएको मितिले १५ औं दिन कार्यालय **समय भित्र।**

**५.आवेदन बुझाउनुपर्ने स्थान** : विगु गाउँ कार्यपालिकाको कार्यालय, लादुक दोलखा **वा विगु गाउँपालिकाको इमेल ठेगाना** bigumun@gmail.com, वा info@bigumun.gov.np मा आवश्यक कागजात **र भौचरको प्रतिलिपि सहित दरखास्त** पठाउन सकिनेछ।

**६.आवेदनका साथ पेश गर्नुपर्ने कागजात** : वैयक्तिक विवरण, शैक्षिक योग्यताको प्रमाण पत्रको **प्रतिलिपि**, नागरिकताको **प्रतिलिपि**, कार्यअनुभव तथा विषयगत तालिमको प्रमाण पत्रको प्रतिलिपि र सम्बन्धित काउन्सिलमा **दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।**

**७.दरखास्त दस्तुर:** यस कार्यालयको नेपाल इन्भेष्मेण्ट बैंक लिमिटेड, सिंगटी शाखामा **रहेको आन्तरिक राजश्व खाता नं.०६७०१४००२५०००९** मा जम्मा गरेको सक्कल भौचर वा कार्यालयमा बुझाएको **रसिद आवेदनसाथ पेश गर्नुपर्नेछ।**

**८.तलव स्केल :** गाउँ कार्यपालिकाको निर्णयानुसार।

**९. कार्यक्षेत्र** : विगु गाउँपालिका भित्र।

**१०. सम्पर्क मिति :** मिति २०७९/०९/०३ गते (कार्यालय समयभित्र)।

**११. परीक्षा मिति :** सम्पर्क मितिको दिन जानकारी गराइनेछ।

❖ ***थप जानकारीको लागि सम्पर्क नं.९८४४१८६२६८ वा ०४९४१०१०९ मा सम्पर्क गर्न सकिनेछ।***

*शैलेन्द्र भण्डारी*
*प्रमुख प्रशासकीय अधिकृत*